# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, फागुन ११ गते २०६७ साल (अतिरिक्ताङ्क ३२

## भाग ५

### राष्ट्रपतिको कार्यालयको सूचना

राष्ट्रपतिको कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी यस कार्यालयबाट हुने सबै किसिमका खरीद, निर्माण र सेवा सम्बन्धी कार्य गर्दा विद्युतीय सञ्चारको माध्यमबाट समेत पूर्व योग्यता निर्धारणको प्रस्ताव माग गर्ने, बोलपत्र आह्वानको सूचना जारी गर्ने, आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्ने, परामर्श सेवाको प्रस्ताव माग गर्ने, बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजात पठाउने, बोलपत्र, पूर्व योग्यताको वा परामर्श सेवाको प्रस्ताव प्राप्त गर्ने, बोलपत्र खोल्ने, खरीद सम्झौता गर्ने, भुक्तानी दिने र अन्य सूचना दिन वा लिन सक्ने व्यवस्था गरेको हुँदा सर्वसाधारणको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

खण्ड ६०, अतिरिक्ताङ्क २ (ग+१) मिति २०६७।१।१० को नेपाल राजपत्रको भाग ४ मा प्रकाशित यस कार्यालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,<br>
वामनप्रसाद न्यौपाने<br>
सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

गो,हु.द.नं. १६।०६१।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।